# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

दर्ता नं. १००४/०६३/०६४, स्थायी लेखा नं.: ३०२७४४७३०
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
प्रधान कार्यालय: थापाथली, काठमाण्डौ

## सिटिजन बाल भविष्य योजना प्लस - म्यादी बीमा
## (Citizen Bal Bhabisya Yojana Plus - Term Rider)

## **प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम भुक्तानी दिने पूरक करार**

---

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (यसपछि बीमक भनिएको) ले प्राप्त गरेको बीमा प्रस्तावमा उल्लेख भए अनुसारको पेशा वा सो भन्दा कम वा सो सरह जोखिमपूर्ण पेशामा प्रस्तावक कार्यरत भएमा वा प्रस्तावकको पेशा परिवर्तनलाई बीमकले स्वीकार गरी यस पूरक करारको सम्पुष्टिमा जनाएको र यस पूरक करार चालु रहेको अवस्थामा बीमा अवधि भित्र प्रस्तावकको उमेर ७० वर्ष पुरा हुनु भन्दा अगाडि यो पूरक करारनामा लागू भएको अवस्थामा प्रस्तावकको मृत्यु भएमा बीमालेख र यस पूरक करारको विशेष शर्त तथा सम्पुष्टि (Endorsement) को परिधी भित्र रही यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम प्रदान गरिनेछ । बीमालेखमा संलग्न गरिएको यो पूरक करार बीमालेखको अभिन्न अङ्ग मानिने छ र मूल बीमालेखमा यस करारको बीमाङ्क रकम उल्लेख गरी बीमालेखको सम्पुष्टि खण्डमा जनाइएमा मात्र यो पूरक करारको कानूनी मान्यता हुनेछ ।

### **विशेष शर्तहरु**

१. पूरक करार क्रियाशील हुने अवस्था:
यो पूरक करार बीमालेखको शर्तहरुको अधिनमा रहने छ तर बीमालेख व्यतित भई पुनर्जागरण नभएसम्म वा लाग्ने बीमाशुल्क भुक्तानी नभई बीमालेख चालु नभएसम्म यो पूरक करार लागू हुने छैन ।

२. स्वत: रद्द :
देहायको अवस्थामा यो पूरक करार स्वत: रद्द भई सो पछि यस बारे कुनै कारवाही हुने छैन :
(क) बीमालेख वा पूरक करार अन्तर्गत तिर्नुपर्ने बीमाशुल्क नतिरेमा,
(ख) बीमालेख चालु नरही चुक्ता मूल्यमा बदलिएमा वा खारेज भएमा,
(ग) बीमालेखको वार्षिकोत्सवमा प्रस्तावकको उमेर ७० वर्ष पुगेमा ।

३. रद्द :
प्रस्तावक वा बीमकले लिखित सूचना दिएमा बीमालेखको कुनै पनि बीमा वार्षिकोत्सव मितिमा यो पूरक करार रद्द गर्न सकिनेछ । यसरी रद्द गरिएको सूचना बीमकले लिखित रुपमा बीमितलाई दिनु पर्नेछ ।

४. बीमाशुल्क :
यो पूरक करार रद्द वा खारेज भएमा यसको लागि लाग्ने बीमाशुल्क तिर्नु पर्दैन । यो पूरक करार रद्द वा खारेजीको बेलासम्ममा यस पूरक करार बापत बीमकले भुक्तानी प्राप्त गरेको बीमाशुल्क मध्ये यो पूरक करार खारेज भएको मितिले बांकी अवधिको समानुपातिक बीमाशुल्कको साथै पूरक करार रद्द भएपछि प्राप्त हुन आएको पूरक करार अन्तर्गतको थप बीमाशुल्क बीमकले फिर्ता दिनेछ । यसपछिको कुनै बीमाशुल्क भुक्तानी भएमा यस्तो बीमाशुल्क फिर्ता गर्नु बाहेक बीमकको अरु कुनै दायित्व रहने छैन ।

५. सुरक्षण नहुने जोखिमहरु :
देहायको अवस्थामा प्रस्तावकको मृत्यु भएमा यो पूरक करार अन्तर्गत बीमकको कुनै दायित्व हुने छैन:
(क) मान्यता प्राप्त हवाई सेवाप्रदायकद्वारा सञ्चालित हवाई सेवामा यात्रु भई उडान गर्दा बाहेक अन्य उडान गर्दा।
(ख) कानूनको वर्खिलाप हुने गरी कुनै घोषित वा अघोषित युद्ध, फौजदारी वा आतङ्कवादी गतिविधि, हडताल, हुलदंगा, नागरिक अशान्ति, हुलहुज्जत, विद्रोह वा आक्रमण जस्ता कार्यमा संलग्न भएमा ।

(ग) ज्यान मार्ने कार्य, नागरिक वा जंगी ऐन भंग वा उल्लंघन गरेमा ।

(घ) सट्टे वा मगज बिग्रेको अवस्थामा विषजन्य पेय पदार्थ वा मदिरा वा औषधिजन्य पदार्थको सेवन वा अन्य कुनै पनि कारणबाट बीमा प्रारम्भ वा बीमा पुनर्जागरण भएकोमा पुनर्जागरण भएको मितिले दुई वर्षभित्र आत्महत्या वा जानी बुझी आफैले घात गरेमा ।

(ङ) प्रारम्भ मिति भन्दा अगाडि देखि विद्यमान रहेको र बीमा प्रस्ताव गर्दाको वखतमा उल्लेख नगरेको रोगको कारणबाट, पूर्व विद्यमान अवस्थाहरु ।

(च) व्यवसायिक वा अर्ध-व्यवसायिक खेलकुद प्रतियोगिता वा प्रतिस्पर्धाहरु, दौडहरु, स्काई डाइभिङ, वाटर स्किईङ्ग, स्वासप्रस्वास सम्बन्धी उपकरणको सहायतामा पानीमुनि गरिने विभिन्न गतिविधि वा क्रियाकलाप, पट होल्डिङ्ग (Pot Holding), पर्वतारोहण (Trekking), प्याराग्लाइडिङ्ग (Paragliding), बन्जी जम्पिङ्ग (Bungee Jumping) प्यारासुटिङ्ग (Parachuting) जस्ता जोखिमपूर्ण खेलकुदहरुमा सहभागी भएमा र गैह्र कानुनी गतिविधिमा संलग्न भएमा ।

(छ) कुनै रासायनिक/ आयनकारी विकिरण (ionizing radiation), वा रेडियोएक्टिभिटि (Radioactivity) का कारण आणविक इन्धनबाट श्रृजित प्रदुषण वा आणविक विखण्डनको प्रक्रियाबाट श्रृजित आणविक फोहोर वा आणविक हातहतियार वा सामग्रीका कारण मृत्यु भएमा ।

६. पेशा परिवर्तन :

यदि प्रस्तावकले प्रस्ताव फाराममा उल्लेख गरेको पेशा परिवर्तन गरेमा वा प्रस्ताव फाराममा उल्लेख गरेको भन्दा अन्य थप जोखिमपूर्ण पेशामा संलग्न भएमा सो कुराको जानकारी बीमकलाई अविलम्ब दिनुपर्नेछ र सो को आधारमा यस करार अन्तर्गत लाग्ने बीमाशुल्क पुन: निर्धारण गरिनेछ ।

७. दावी सूचना:

दुर्घटनाबाट मृत्यु भएको लिखित सूचना बीमकलाई समान्यतया ९० दिन भित्रमा दिनु पर्नेछ । दुर्घटनाबाट प्रस्तावकको मृत्यु भएको खण्डमा अनिवार्य रुपमा शव परीक्षण प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट) वा प्रहरी अनुसन्धान प्रतिवेदन ( घटना स्थल प्रकृति जांच मुचुल्का) बीमक समक्ष पेश गर्नु पर्नेछ ।